बैठक संख्या : ४७

आज मिति २०८१ साल असार ९ गते आइतबार दिनको १:०० बजे देहायका विषयहरुमा छलफल गर्न नगर प्रमुख श्री शान्तिरत्न शाक्यको अध्यक्षतामा निम्नानुसारका सदस्यहरुको उपस्थितिमा बसेको बनेपा नगरपालिका, नगर कार्यपालिकाको बैठकले तपसिल बमोजिम निर्णयहरु गरेको छ ।

-:: उपस्थिति ::-

| क.सं. | पद | नाम, थर | दस्तखत |
|---|---|---|---|
| १ | प्रमुख | श्री शान्तिरत्न शाक्य | उपस्थित |
| २ | उप प्रमुख | श्री विमला सापकोटा | उपस्थित |
| ३ | सदस्य (वडा नं. १) | श्री कमल प्रसाद घिमिरे | उपस्थित |
| ४ | सदस्य (वडा नं. २) | श्री रामप्रसाद घिमिरे | उपस्थित |
| ५ | सदस्य (वडा नं. ३) | श्री रमेश दाहाल | उपस्थित |
| ६ | सदस्य (वडा नं. ४) | श्री श्यामसुन्दर श्रेष्ठ | उपस्थित |
| ७ | सदस्य (वडा नं. ५) | श्री बलराम अधिकारी | उपस्थित |
| ८ | सदस्य (वडा नं. ६) | श्री सचितानन्द के.सी. | उपस्थित |
| ९ | सदस्य (वडा नं. ७) | श्री हिटलर शाक्य | उपस्थित |
| १० | सदस्य (वडा नं. ८) | श्री शुभलक्ष्मी मानन्धर | उपस्थित |
| ११ | का.वा. सदस्य (वडा नं. ९) | श्री मनिषा तामाङ | उपस्थित |
| १२ | सदस्य (वडा नं. १०) | श्री चन्द्रबहादुर खड्का | उपस्थित |
| १३ | सदस्य (वडा नं. ११) | श्री शिवकुमार थापा | उपस्थित |
| १४ | सदस्य (वडा नं. १२) | श्री रामवहादुर कुँवर | उपस्थित |
| १५ | सदस्य (वडा नं. १३) | श्री रामलाल दुवाल | उपस्थित |
| १६ | सदस्य (वडा नं. १४) | श्री टुल्कु लामा | उपस्थित |
| १७ | सदस्य | श्री शुभद्रा बजगाँई | उपस्थित |
| १८ | सदस्य | श्री समिता थापा | उपस्थित |
| १९ | सदस्य | श्री ज्योति बोगटी | अनुपस्थित |
| २० | सदस्य | श्री सरिता कुमारी श्रेष्ठ | उपस्थित |
| २१ | सदस्य | श्री द्रौपदा खत्री क्षेत्री | उपस्थित |
| २२ | सदस्य | श्री बिक्रम भुजेल | उपस्थित |
| २३ | सदस्य | श्री कमला परियार | उपस्थित |
| २४ | सदस्य | श्री रबिन्द्र सुनार | उपस्थित |
| २५ | सचिव ( प्रमुख प्रशासकीय अधिकृत) | श्री भोला प्रसाद चापागाईं | उपस्थित |
| २६ | प्रशासकीय अधिकृत | श्री ध्रुवराज नेपाल | उपस्थित |

**छलफलका विषय:**

१. आ.व. २०८१।०८२ का लागि प्रस्तावित नीति, योजना तथा कार्यक्रम स्वीकृत गरी नगर सभामा पेश गर्ने सम्बन्धमा,

२. आ.व. २०८१।०८२ को बजेट नगर सभामा पेश गर्ने सम्बन्धमा,

३. आर्थिक विधेयक, २०८१ नगर सभामा पेश गर्ने सम्बन्धमा,

४. विनियोजन विधेयक, २०८१ नगर सभामा पेश गर्ने सम्बन्धमा,

५. विविध ।

-:: निर्णयहरू ::-

| नि.नं. | छलफलका विषय | निर्णय |
|---|---|---|
| १ | गत बैठकको निर्णय समिक्षा सम्बन्धमा। | बनेपा नगरपालिका, नगर कार्यपालिकाको गत बैठकबाट भएका निर्णयहरूको कार्यान्वयनको प्रगतिको सम्बन्धमा समिक्षा गरियो। |
| २ | आ.व. २०८१।०८२ का लागि प्रस्तावित नीति, योजना तथा कार्यक्रम स्वीकृत गरी नगर सभामा पेश गर्ने सम्बन्धमा | कार्यालयबाट तयार गरी पेश भएको आगामी आ.व. २०८१/८२ को नीति तथा कार्यक्रम स्वीकृत गरी अनुमोदनका लागि नगर सभाका अध्यक्षबाट नगर सभाको चौधौं अधिवेशनमा प्रस्तुत गर्ने निर्णय गरियो । |
| ३. | आ.व. २०८१।०८२ को बजेट तथा कार्यकम नगर सभामा पेश गर्ने सम्बन्धमा | बनेपा नगरपालिकाको श्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिको बैठकबाट निर्णय भइ पेश भएको बनेपा नगपालिकाको आगामी आ.व. २०८१।०८२ का लागि कुल रू. १,२५,३६,३०,१७१। (एक अरब पच्चीस करोड छत्तीस लाख तीस हजार एकसय एकहत्तर) आय व्यय भएको बजेट तथा कार्यक्रम स्वीकृतिका लागि नगर सभाको चौधौ अधिवेशनमा उपप्रमुख श्री विमला सापकोटाबाट प्रस्तुत गर्ने निर्णय गरियो । |
| ४ | आर्थिक विधेयक, २०८१ र विनियोजन विधेयक, २०८१ नगर सभामा पेश गर्ने सम्बन्धमा | बनेपा नगरपालिकाको राजस्व परामर्श समितिको बैठकबाट सिफारिस भइ पेश भएको कर तथा गैरकर राजस्वका श्रोत तथा दर समावेश भएको बनेपा नगरपालिकाको आर्थिक विधेयक, २०८१ र श्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिको बैठकबाट निर्धारित बजेट सिलिङका आधारमा बजेट तथा कार्यक्रम तर्जुमा समितिबाट सिफारिस भइ पेश भएको विनियोजन विधेयक, २०८१ उपप्रमुख श्री विमला सापकोटा बाट नगर सभाको चौधौं अधिवेशनमा पेश गर्ने निर्णय गरियो । |
| ५. | योजनाको बाँकी काम सम्पन्न गर्ने | बनेपा नगरपालिका वडा नं. ११ अन्तरगत पर्ने अरनिको राजमार्ग देखि अपाङ्ग बाल अस्पताल तथा पुनर्स्थापना केन्द्रसम्म सडक स्तरोन्नती योजना कार्यान्वयन गर्न संझौता गरिएको निर्माण व्यवसायी फर्म नवोदित/फ्रिमेन/आरडिआर जेभी |

| नि.नं. | छलफलका विषय | निर्णय |
|---|---|---|
| | सम्बन्धमा | सँग भएको संझौतामा उल्लेखित दररेटकै परिधि भित्र रही सोही सडकदेखि वडा कार्यालय जोड्ने बाँकी कामका लागि साविक योजना कार्यान्वयनका क्रममा बाँकी रहेको परिमाण बमोजिमको कार्य उल्लेखित निर्माण व्यवसायीबाटै साविक संझौताको रकममा नबढ्ने गरी सम्पन्न गर्न लगाउने निर्णय गरियो । |
| ५ | आमाबाबु विहिन बालबालिकालाई सामाजिक सुरक्षा भत्ता थप सम्बन्धमा | बनेपा नगरपालिका अन्तरगत रहेका आमा बाबु विहिन बालबालिकाहरूका लागि बागमती प्रदेश सरकारबाट उपलब्ध गराएको सामाजिक भत्ता रकम अपुग भएकाले यस नगरपालिकाको चालु आ.व. को बजेट तथा कार्यक्रममा महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखा अन्तरगत प्रस्तुत प्रयोजनमा विनियोजित रकमबाट रू. १,१०,०००। थप गरी जनही रू. ३,०००। का दरले वितरण गर्ने निर्णय गरियो । |
| ६ | नगर सभाको चौधौं अधिवेशनको कार्यसूची स्वीकृत गर्ने बारे | बनेपा नगरपालिकाको नगर सभाको चौधौं अधिवेशनका लागि देहाय बमोजिमको कार्यसूची स्वीकृत गर्ने निर्णय गरियो । |

**बनेपा नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

**नगर सभाको चौधौ अधिवेशन- असार, १०, २०८१**

**कार्यसूची**

| कार्यक्रम | अनुमानित समय | कैफियत |
|---|---|---|
| सभाका सदस्यहरुको आगमन र जलपान | | |
| १. सभाका सदस्यहरु सभा कक्षमा प्रवेश तथा उपस्थिति | ८:००-८:४५ | |
| २. नगर सभाका अध्यक्ष एवं बनेपा नगरपालिकाका प्रमुखज्युको सभामा आगमन | ८:४५-९:०० | |
| ३. सभाध्यक्षबाट आशन ग्रहण र राष्ट्रिय गान तथा नगर गान प्रस्तुती | ९:०० | |
| ४. सभाध्यक्षबाट दीप प्रज्वलन गरी सभाको शुभारम्भ- मंगलध्वनी | ९:००-९:१० | |
| ५. सहिदहरुको सम्मानमा एक मिनेट मौन धारण | ९:१०-९:१५ | |
| ६. सभाध्यक्षबाट बनेपा नगरपालिकाको आ.व. ०८१।०८२ को नीति तथा कार्यक्रम सभामा प्रस्तुत | ९:१५- ९:२० | |
| | ९:२०-१०:२० | |
| २० मिनेटका लागि बैठक स्थगन | १०:२०-१०:४० | |
| ७. नीति तथा कार्यक्रम उपर छलफल र निर्णय | १०:४०-११:०० | |
| ८. बनेपा नगरपालिकाको आर्थिक वर्ष २०८१।०८२ का लागि तयार भएको आर्थिक विधेयक २०८१ उपप्रमुख श्री बिमला सापकोटाबाट सभा समक्ष टेबुल | ११:००-११:२० | |
| ९. बनेपा नगरपालिकाको आर्थिक वर्ष २०८१।०८२ का लागि तयार भएको विषयगत क्षेत्रमा विनियोजित बजेट तथा कार्यक्रम उपप्रमुख श्री बिमला सापकोटाबाट सभा समक्ष टेबुल | ११:२०-११:४० | |
| मिति २०८१ साल असार २६ गते बुधवार बिहान ८:०० बजे नगर सभाको चौधौ अधिवेशनको दोस्रो बैठक नगरपालकि सभाहलमा बस्ने गरी सभाध्यक्षबाट बैठक स्थगन | ११:४०:१२:०० | |
| दिवा खाना | १२:०० बाट | |